# ४१

# कुलेखानीबाट धपिएकाहरू

**जगदीश पोखरेल**

ठूलो मात्रामा स्थानीय बासिन्दाहरू विस्थापन हुने खालका परियोजनाहरूसित नेपालका जनता र सरकार दुवैथरीको थोरै मात्र अनुभव छ। यस्ताखाले योजनामा कुलेखानी जलविद्युत पहिलोमध्येको हो । त्यसैले कर्णाली र बूढीगण्डकी जस्ता ठूलाठूला योजनाहरू शुरु गर्नुअघि एकपल्ट कुलेखानीले पढाएको पाठ सिक्नु आवश्यक छ।

सन् १९६० को अन्त्यतिर जब बाँध वा जलाशयको कुरा शुरु भयो, त्यहाँका भरिया र व्यापारीहरूको काम त्रिभुवन राजपथले खोसिदिएकाले कुलेखानी गाउँ धर-मराइरहेको थियो । त्यहाँका बासिन्दाहरूले पहिले त कुलेखानी खोलामा बाँध बाँधिन्छ र त्यसले त्यहाँका खेतबारी डुबाउँछ भन्ने कुरालाई त्यत्तिको पत्याएनन् । तर तिनीहरूले सरकारी यन्त्रको प्राविधिक क्षमता र प्रशासनिक शक्ति बुझेका थिएनन्। एकैपटक बुल्डोजरहरू आए र जग्गा खाली गर्ने सूचना टाँसियो। एकैपटक उनीहरू डर र अनिश्चिततामा रुमलिए।

सन् १९८५ मा मैले कुलेखानी उपत्यकाका बासिन्दाहरूको अध्ययन गरेँ। त्यहाँ मुख्यतया तामाङहरू र केही मगर, नेवार, बाहुन र क्षेत्रीहरूको बसोबास थियो । आज त्यस योजनाबाट विस्थापित भएकाहरूमध्ये धेरैजसो कुलेखानीमा बसोबास गर्दाभन्दा खराब हालतमा छन् । तीमध्ये धेरैजसो हेटौँडाको आसपासका रूखा ठाउँहरूमा सर्न पुगे, तिनले आफ्नो विगतको सामाजिक स्थिरता गुमाए, आफ्ना नातेदारहरू र समुदायबाट टाढिए ती, त्यहाँ उनीहरूको परम्परागत सीप केही काम आएन। तिनीहरू सबै उत्साहहीन र आफ्ना पुरानै डाँडापाखाको सम्झनामा पिरिइरहेका छन्। संक्षेपमा, तिनीहरूको अवस्था दयनीय छ र तिनीहरू आफूलाई ठगेर अर्काले फाइदा उठाए भन्ने कुरामा निश्चित छन्।

यस योजनाले जम्मा ४ हजार १५ रोपनी जग्गा, ४५० घरहरू र ५० घट्टहरू अधिग्रहण गरेर ३,५०० मानिसलाई विस्थापित गऱ्यो । भारत, इन्डोनेशिया वा

*हिमाल,* २०४८, पृ. ११९-१२० मा प्रकाशित।

ब्राजिलका कतिपय जलविद्युत योजनाहरूका तुलनामा कम भए पनि विस्थापनका कारण मान्छेले पाएको दुःखका कुरा उठाउन भने यो पर्याप्त भयो ।

## पैसा पाएर के गर्ने

जब जमिन खाली गर्न शुरु गरियो, मार्खु गाउँका तामाङ महिलाहरूले त्यसको कडा विरोध गरे । उनीहरूका लागि जमिन नै सबै थोक थियो र त्यसको क्षतिपूर्तिबापत आएको सबै पैसा लोग्नेमान्छेहरूका हातमा मात्र पर्छ भनेर उनीहरू डराएका थिए । तिनीहरूको डर जायजै थियो । कुलेखानीका लोग्ने मान्छेका हातमा अचानक एकमुष्ट पैसा पर्दा हुनगएका नोक्सानीका कथा धेरै छन् । एउटा सोझो तामाङ केटाले जग्गाको क्षतिपूर्तिबापत छ हजार पाँचसय रुपियाँ पाएको थियो । काठमाडौंमा जुवा खेलेर महिनाभित्रैमा उसले त्यो सबै सक्यो र पछि राजधानीमा भाँडा माझ्ने काम थाल्यो । अलि उद्यमीखालका तर अनुभवचाहिँ कम्ती भएका दुईजना मिलेर एउटा ट्रक किने र चाँडै टाट पल्टिए । धेरैजना जुवा र रक्सीमै डुबेर सिद्धिए ।

कुलेखानीका बासिन्दाहरूले क्षतिपूर्तिबापत पाएको पैसा खर्च गर्नमा कत्तिको बुद्धि पुऱ्याए भन्ने कुरा बाहिरी संसार बजार अर्थतन्त्रसितको तिनको सम्पर्कमा आधारित थियो । अलि पैसा खेलाउने बानी परेका र कुलेखानी उपत्यकाबाहिर पारिवारिक सम्पर्क भएकाहरूले आफूसित भएको पैसा राम्रै ठाउँमा लगाए । सबैभन्दा धेरै गुमाउनेहरूचाहिँ जमिनप्रति साह्रै ठूलो सम्बन्ध भएका कम्ती पढेलेखेका र बढ्तै समुदाय-केन्द्रीत तामाङ र मगर भूमिपुत्रहरू थिए ।

पुनर्वास र क्षतिपूर्तिका समग्र योजना नै गम्भीर रूपले त्रुटिपूर्ण थिए । पुनर्वासका लागि ती गाउँलेहरूलाई बारा जिल्लाको दुर्गम जग्गा देखाइयो । तिनीहरू त्यहाँ जान मानेनन्, तर तिनीहरूलाई अर्को कुनै विकल्प दिइएन । यता लगिने उता लगिने हल्ला धेरै थियो र रोपाइँको याम भैसकेको थियो । धेरै किसान अताल्लिए । तिनीहरू आफूले पाउने पैसा हातमा लिएर सोझै दक्षिण मकवानपुरतर्फ लागे । उनीहरूभन्दा हल्ला पहिले पुग्यो, अनि रातारात जग्गाको भाउ पाँच, छ गुना बढ्यो । पुनर्वास संस्कारले सघाउ पुऱ्याएन बरु तिनीहरू त लालची खालका दलालका फेला पो परे, धेरैले यता र उता धाउँदाधाउँदै भएको पैसा सके । भौतिक र मनोवैज्ञानिक रूपमा ज्यादै जटिल विस्थापनको सामना गर्न उनीहरूलाई कुनै किसिमको तालिम, सरसल्लाह दिने प्रयत्न गरिएको थिएन ।

हेटौँडाको दक्षिण-पूर्वमा पर्ने चिसापानीमा बसाइ सर्नेहरूको हालत झन् नराम्रो छ । आफूले पाएको क्षतिपूर्तिको रकमले तिनीहरूले जम्मा एक बाली मात्र लाग्ने साह्रै रुखो जग्गा मात्र किन्न सके । अझसम्म पनि तिनीहरू त्यस नौलो जग्गामा राम्रो खेती गर्ने तरिका कस्तो हो पत्ता लगाउने कोशिश गरिरहेका छन् ।

कुलेखानीका मान्छेहरूको हेरविचार कसले गर्नुपर्थ्यो त ? योजनाको सम्झौताअनुसार जलविद्युत विभागले ती मान्छेको पुनर्वास गराउनुपर्ने र घरजम

बसाउनुपर्ने हो तर त्यहाँ त्यस कामका लागि चाहिने प्रशासकीय र प्राविधिक क्षमताको अभाव थियो । स्वाभाविक रूपमा योजनाको समन्वयकर्ताका हैसियतले यसको मुख्य काम सकेसम्म कम खर्चमा र समयमा योजना पनि पूरा गर्नुपर्ने थियो । विशेष सम्झौताका अभावमा त्यस विभागले आवास या वनसित सम्बन्धित सरकारी निकायहरूको सहयोग पाउने आशा गर्न पनि सकेन ।

स्पष्ट छ, कुलेखानीमा कार्यान्वयन गरिएको क्षतिपूर्तिको नीति सरकारलाई साह्रै कम आर्थिक भार पर्नेगरी तयार पारिएको थियो । त्यस नीतिमा ठूलो जनसङ्ख्याको हित अन्तर्निहित थियो तर कुलेखानीका स्थानीय बासिन्दाहरूको भने उपेक्षा गरियो । फाइदा र लगानीको वितरणमा निष्पक्षताको कुरै कहिल्यै उठेन । स्थानीय बासिन्दाले जे छोडे, त्यसको दाँजोमा क्षतिपूर्ति ज्यादै तुच्छ थियो । त्यसैले यो सबैको परिणाम ज्यादै अनुचित र अनैतिक भएको छ ।

धेरै अधिकृतहरूले व्यक्तिगत रूपमा विस्थापित जनताप्रति चासो देखाए पनि तिनीहरूले केही सहयोग गरेनन् वा गर्न सकेनन् । प्रभावित मान्छेहरूले यसलाई लापर्वाही ठाने र रिसाए, तर उनीहरूको लाटो रिस केही काम लागेन । गाउँका मुखियाहरूलाई परियोजनाले वास्ता गरेन, जनताले विश्वास नगर्ने राजनीतिक र प्रशासनिक व्यक्तिहरू राखेर पुनर्वास समिति गठन गरियो । काठमाडौँमा धर्ना कस्न कुलेखानीका बासिन्दा पुगेका पनि थिए तर राजधानीबाट हतोत्साहित भएर उनीहरू फर्किए ।

काठमाडौँमा बिजुलीबत्ती झलमल्ल छ, तर यसका लागि जसले आफ्नो घरखेत गुमाए, तिनीहरू भने मकवानपुरका सुनसान बस्तीहरूका अन्धकारमा छितरिएका छन् । शहरियाहरूले प्रत्येक साँझ बत्ती बाल्दा त्यस उज्यालाका लागि जसले आफ्ना घर जग्गा र जीविकोपार्जनका उपाय गुमाए तिनका बारेमा सोच्नुपर्छ र चाहेका खण्डमा, तिनीहरूलाई मद्दत गर्न बेला अझै बितेको छैन । ♦